मितिः २०७९/०३/२५, का.पा. वैठक सं २१- ०७८/७९

## कार्यपालिका वैठकका निर्णयहरु

**प्रस्तावहरुः**

१. प्रोत्साहन भत्ता सम्वन्धमा
२. योजनाहरुको म्याद थप सम्वन्धमा
३. योजनाहरुको भुक्तानी सम्वन्धमा
४. विविध

## निर्णयहरु

**१. प्रोत्साहन भत्ता सम्वन्धमा**

विगतका वर्षहरु जस्तै आर्थिक बर्षको अन्त्यमा हुने कार्यचाप र कार्यबोझलाई मध्यनजर राख्दै यस गाँउपालिका तथा अन्तर्गतका वडा कार्यालयमा कार्यरत यस गाँउपालिकाबाट तलवभत्ता भुक्तानी हुने कर्मचारीहरु तथा सम्पूर्ण स्वास्थ्यकर्मीहरुलाई प्रोत्साहित गर्ने उद्देश्यले गत वर्षको नगरसभावाट विनियोजित रकमबाट सुरु तलव स्केलको ३० प्रतिशतका दरले आ.ब. २०७८/७९ को अन्तिम ३ महिना(वैशाख, जेठ र असार) को प्रोत्साहन भत्ता उपलब्ध गराउने ।

**२. चालु योजनाको म्याद थप सम्वन्धमाः**

राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत यस गाँउपालिकामा चालु आ.ब को लागि **श्री रामजानकी आ.वि. र श्री जनजागृति मा.वि.** मा भवन निर्माणको लागि विनियोजित वजेटका आधारमा क्रमशः **हिमालयन डिजायन एण्ड कन्सट्रक्सन प्रा.लि. र रिजेन्सी विल्डर प्रा.लि.** सँग ठेक्का सम्झौता भई कार्यान्वयनमा रहेका योजनाहरु स्थानीय तहको निर्वाचन, बर्षादको समय आदि कारणले चालु आर्थिक वर्षमै सम्पन्न गर्न कठिनाई देखिएकोले शिक्षा तथा मानव स्रोत विकास केन्द्रको च.नं. २२५ मिति २०७९/३/१७ को परिपत्र समेतका आधारमा सम्वन्धित निर्माण व्यवसायी कम्पनीको माग एवम विद्यालयको सिफारिस वमोजिम उक्त योजनाहरुको मिति २०७९ पौष मसान्तसम्म म्याद थप गरि स्वीकृत कार्यक्रमको लागि विनियोजन भएको रकम सम्वन्धित विद्यालयमा निकासा दिने।

**३. योजनाहरुको भुक्तानी सम्वन्धमा**

- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत वडा नं ३ का योजनाहरु लागत अनुमान तयार गरी प्रणालीमा आवद्ध गर्ने क्रममा त्रुटी भई जम्मा ६० दिनको मात्र भुक्तानी भई थप कामको भुक्तानी हालसम्म नभएको तथा सुचिकृत मजदुरहरुले १०० दिन नै कार्य गरेको हाजिरी रेकर्ड वडा कार्यालयबाट प्राप्त भएको, उक्त वडामा भएको कार्यको वारेमा अनुगमन गर्दा Estimate भन्दा बढी काम भएको पाईएको तथा प्राविधिक शाखावाट समेत सोही दिन वरावर काम गरेको कामको मूल्याङ्कन तथा नापी विवरण पेश भएको हुँदा निजहरुलाई सोही वमोजिम १०० दिनको नै पारिश्रमिक भुक्तानी गर्ने।

०७९/३/२६

मितिः २०७९/०३/२५, का.पा. वैठक सं २१- ०७८/७९

- यस कार्यालयले मिति २०७८/१०/१८ मा जालझुल कन्सट्रक्सन कम्पनी प्रा.लि. सँग सम्झौता गरि यस गाँउपालिकाको क्षेत्र पर्ने राजमार्ग सरसफाई गर्नको लागि कायदिश दिएको तथा उक्त कार्य सम्पन्न भईसक्दा पनि सम्पूर्ण आवश्यक कागजपत्र लगायतका विविध कारणले पुरा रकम भुक्तानी हालसम्म नभएको पाईएकोले सम्वन्धित वडा कार्यालयहरुको सिफारिस निजले पेश गरेको डोर हाजिरी, पुष्टयाई गर्ने विल भर्पाईका आधारमा बढीमा रु २ लाख रुपैया स्रोत व्यवस्थापन गरी भुक्तानी दिने।
- यस गाँउपालिका गाँउकार्यपालिकाको मिति २०७९/२/२७ को निर्णय बमोजिम रकमान्तर भई कार्यान्वयन भएका देहायका योजनाहरुमध्ये कतिपय योजनाहरुको दोहोरो कार्यान्वयन भएको र कतिपय योजनाहरुको लागि स्रोत अपर्याप्त भई भुक्तानीमा समस्या परेकोले उक्त योजनाहरुको सन्दर्भमा सम्वन्धित वडा कार्यालयको सिफारिस बमोजिम देहायको बाँकी योजनाबाट स्रोत व्यवस्थापन गरी भुक्तानी दिने ।

| भुक्तानी गर्नपर्ने योजना | रकम | स्रोत व्यवस्थापन गर्ने शिर्षक | कैफियत |
|---|---|---|---|
| वडा कार्यालय भित्र टायल जडान कार्य वडा नं ६ | १ लाख ५० हजार | • नौडिहवा देखि सहदौनिया जाने बाटो निर्माण वडा नं ६ - १ लाख<br>• जमुनाही बाटो निर्माण वडा नं ६- ५० हजार | |
| वडा नं २ स्थित विभिन्न नाली सरसफाई गर्ने कार्य | ३ लाख | • शि.नं ३११५९ बर्दिहवा छठघाट निर्माण वडा नं २- २लाख<br>• बर्दिहवा दुर्गा मन्दिर- १ लाख | |
| सानो बालापुर विभिन्न गल्ली ढलान वडा नं ४ | ४ लाख | • महिला कार्यक्रम- १लाख<br>• मधेसी कार्यक्रम- १ लाख<br>• मधुरी गाँउको पुलदेखी दक्षिण हुँदै पश्चिम जाने कृषि बाटो निर्माण- २लाख | |